नेपाल चेम्बर अफ कमर्स
NEPAL CHAMBER OF COMMERCE
(स्थाः वि.सं. २००७ / Estd. 1951 A.D.)

CHAMBER BHAWAN, KANTIPATH
P.O.Box:198, Kathmandu, NEPAL
Phone: 977-1-5330947, 5330941
Fax: 977-1-5329998
E-mail: info@nepalchamber.org
Website:http;//www.nepalchamber.org

चेम्बर भवन, कान्तिपथ
पो. ब. नं. १९८, काठमाडौं, नेपाल
फोन नं.: ९७७-१-५३३०९४७, ५३३०९४१
फ्याक्सः ९७७-१-५३२९९९८

**८. मार्जिन लेण्डीङको जोखिम भार**

शेयर बजार तथा घर जग्गामा जाने मार्जिन मार्जिन लेण्डिङमा जोखिम भार १५०% लाई १०० %मा झारिनु पर्ने

**९. चालु पुंजी कर्जा मार्ग निर्देशन सम्वन्धमा ।**

चालु पुंजी कर्जा मार्ग निर्देशन २०८२ असार मसान्त सम्म लागू हुने सम्वन्धमा सो व्यवस्था निजी क्षेत्र, बिज्ञ समूह तथा सरोकारवाला निकायसंग बिस्तृत छलफल गरी मात्र कार्यान्वयनमा ल्याइनु पर्ने ।

**१०. भारतबाट रेमिट्यान्स ल्याउने सम्वन्धमा ।**

भारतसंगको वढदो व्यापार घाटालाइ कम गर्न भारतमा काम गर्ने नेपालीहरुले भारतबाट भा.रु. रेमिट्यान्स पठाउने व्यवस्था हुनु पर्ने । साथै भारतीय पर्यटकले रु. १०० दरका भा.रु. अधिकतम २५०००। मात्र ल्याउन पाउने व्यवस्था भएकोमा सो रकमलाइ वढाइ भा.रु. २ लाख ५० हजार सम्म वृद्धि गरिनु पर्ने र ५०० र २००० दरका भा.रु पनि चलन चल्तीमा ल्याउने व्यवस्था हुनु पर्ने । यसका साथै नेपाल भारत वीच बैकिङ कारोवारलाइ डिजीटलाइजेशन गर्न प्रोत्साहित गरिनु पर्ने ।

**११.सीमा व्यापार व्यवस्थित ।**

सीमामा हुने अवैध व्यापारलाई निरुत्साहित गरी कर राजश्वको दायरामा ल्याईनु पर्दछ । सोको लागि बिल लिने/दिने व्यवस्थालाई अनिवार्य रुपमा कार्यान्वयन गरिनु पर्ने ।

**१२. करको दायरा वढाउने सम्वन्धमा ।**

करको दर वृद्धि गरिनु भन्दा करको दायरा वढाइनु पर्ने र त्यसको लागि देशभर नागरिकता बितरण गर्दा PAN कार्ड पनि बितरण गरिनु पर्ने ।

**१३. प्राकृतिक श्रोतको उपयोग ।**

नेपालमा रहेको प्राकृतिक श्रोत र साधनलाइ समुचित प्रयोग तथा निर्यात गर्न कानून बनाइ व्यवस्थित गरिनु पर्ने ।